# कुश्मा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कुश्मा, पर्वत

गण्डकी प्रदेश, नेपाल।


पत्र संख्याः

चलानी नं

### शोक विदा सम्बन्धमा

मिति २०८३/२/१८ गते कुश्मा नगरपालिका १४ आर्थर काउले देखि आर्थरनेटा जाने क्रममा सोडे गौडाको भिरमा जिप दुर्घटनामा परी कुश्मा नगरपालिका वडा नं १४ का वडा सदस्य (नगर सभा सदस्य) श्री केशव प्रसाद पौडेलको असमायिक निधनको खबरले सिङ्गो कुश्मा नगरपालिका परिवार स्तब्ध र मर्माहित भएको छ। दुर्घटनामा परी दिवंगत हुनु भएका कुश्मा नगरपालिकाका नगर सभा सदस्य श्री केशव प्रसाद पौडेलले समाज र राष्ट्रप्रति पुर्याएको योगदानलाई स्मरण गर्दै उहाँ प्रति भावपुर्ण श्रदान्जलि अर्पण गर्दछौ। शोकको यस घडिमा दिवगंत आत्माको चिर शान्तिको कामना गर्दै परिवारजन र आफन्तजनमा ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भन्ने कामना गर्दछौ।

साथै मिति २०८३/२/२० गते बुधवार को दिन कुश्मा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय र मातहतका सम्पूर्ण कार्यालयहरुमा (आकस्मिक सेवा बाहेक) शोक विदा दिइएको वेहोरा सम्बन्धित सवैमा जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

मिति २०८३/२/१९

किरण पौडेल
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. : ०६७-४२०१४१, वेबसाइट : www.kushmamun.gov.np, इमेल : info@kushmamun.gov.np